४७८. भन्सार जाँचपास कार्यालयको पुनरसंरचना गरी जाँचपास पछिको परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ।

४७९. मदिरा र सूर्तिजन्य उद्योगलाई औद्योगिक करिडोर वा औद्योगिक क्षेत्रहरूमा क्रमशः स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

४८०. 'ट्रान्सफर प्राइसिङ्ग' को माध्यमबाट कराधार क्षयीकरण, मुनाफाको स्थानान्तरण तथा आयको खण्डीकरणबाट हुन सक्ने कर छली नियन्त्रण गरिनेछ।

## छुट तथा सहुलियत

४८१. गुणस्तर कमसल भएका, नक्कली तथा अवैधरूपमा पैठारी भएका मालवस्तुको प्रयोगमा नियन्त्रण तथा निरुत्साहन गरी उपभोक्ताको हित संरक्षणका लागि सम्वत् २०८० साउन १ गते पछि आयात भएका मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउन पाउने व्यवस्था मिलाएको छु।

४८२. छुट तथा सहुलियत व्यवस्थामा पुनरावलोकन गरी कराधार विस्तार गर्ने उद्देश्यले मूल्य अभिवृद्धि करका १७० र अन्तशुल्कका ३४० छुटका दरहरू खारेज गरेको छु।

४८३. श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गई कम्तीमा लगातार छ महिना काम गरी फर्किएका नेपाली नागरिकले सम्वत् २०८० जेठ १ गते देखि आफुले प्रयोग गरेको मोबाइल फोन सेट थान एक को अतिरिक्त थप एक थान मोबाइल फोन सेट महसुल सुविधामा ल्याउन पाउने व्यवस्था गरिएको थियो। आगामी आर्थिक वर्ष देखि सामाजिक सुरक्षा कोषमा आवद्ध भई वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी फर्केका व्यक्तिले आफ्नो साथमा ल्याएको एउटा जुनसुकै आकारको टेलिभिजनमा भन्सार महसुल छुट दिएको छु।

४८४. मुलुकमा आत्मनिर्भर भएका औद्योगिक वस्तुको स्वदेशी उत्पादनलाई संरक्षण गर्न केही वस्तुको आयातमा लाग्ने महसुल वृद्धि गरेको छु। साथै, स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धन गर्न सम्वत् २०८० श्रावण १ गते पछि सम्झौता हुने आयोजनाका लागि आवश्यक पर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लाष्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट दिने गरी सम्झौता गरिने छैन। स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएर बिक्री गर्न सक्ने व्यवस्था मिलाएको छु।

४८५. लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्द्धनका लागि यस्ता उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने घरायसी प्रयोजन हुने बाहेकका मिल/मेशिनरीमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था मिलाएको छु।

४८६. सम्वत् २०८० साल जेठ १५ गते सम्म नेपालमा प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणालीमा विभिन्न कारणले दर्ता हुन नसकेका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले एक पटकका लागि सम्वत् २०८० साल असार मसान्तसम्ममा तोकिएबमोजिम एकमुष्ट महसुल बुझाई दर्ता गर्न सक्ने व्यवस्था मिलाएको छु।

४८७. वार्षिक पचास लाख रुपैयाँ भन्दा बढी आय भएका प्राकृतिक व्यक्तिलाई लाग्दै आएको आयकरको दरमा सामान्य वृद्धि गरेको छु।

४८८. सूचना प्रविधिमा विजनेश प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ जस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

४८९. नेपालमा विद्युतीय सेवा बिक्री गर्ने गैरबासिन्दा व्यक्तिलाई करको दायरामा ल्याउन सम्वत् २०८० साल जेठ मसान्तसम्मको मूल्य अभिवृद्धि कर सम्वत् २०८० साल असार २५ गतेसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क, व्याज र थप दस्तुर मिनाहा हुने व्यवस्था मिलाएको छु।

४९०. माथि उल्लिखित मुलुकको कर प्रणालीमा गरिएका महत्त्वपूर्ण नीतिगत, कानूनी, प्राविधिक तथा प्रशासनिक सुधारहरू, औद्योगिक तथा व्यवसायिक गतिविधि अभिवृद्धि गर्न लिइएका पहलहरू, राजस्व चुहावटका लागि चालिएका कदमहरू र आर्थिक विस्तार गर्दै समन्यायिक समाज निर्माण गर्न दिइएका सहुलियतहरूले करको दायरा विस्तार गर्ने तथा विपन्न एवम् साना व्यवसायीहरू लगायत समग्र आर्थिक क्षेत्रमा संलग्न सबैको मनोवल उकास्ने विश्वास गरेको छु।

**सम्माननीय सभामुख महोदय,**
**सम्माननीय अध्यक्ष महोदय,**

४९१. आर्थिक वर्ष २०७८/७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान साथै पेश गरेको छु। अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। अन्तर्राष्ट्रिय विकास साझेदारबाट प्राप्त हुने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने सहायतासम्बन्धी विवरण समेत साथै प्रस्तुत गरेको छु।

४९२. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनबाट लगानी विस्तार भई रोजगारीका अवसर बढ्ने तथा अर्थतन्त्रमा गतिशीलता आई दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने आशा गरेको छु।

४९३. सार्वजनिक वित्तसम्बन्धी सुधार प्रस्तावबाट वित्त अनुशासन कायम हुने र पुँजीगत खर्चको प्रभावकारिता वृद्धि भई दीर्घकालीन पुँजी निर्माण गर्न सघाउ पुग्ने विश्वास लिएको छु। साथै बजेटमा प्रस्तावित राजस्व नीतिको कार्यान्वयनबाट राजस्व प्रणालीमा सुधार हुने, राजस्व प्रशासनमा दक्षता अभिवृद्धि हुने र चुहावट नियन्त्रण भई लक्ष्यअनुसार राजस्व परिचालन हुने अपेक्षा गरेको छु।

४९४. प्रस्तुत बजेटमा उल्लिखित नीति र कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अपेक्षा राखेको छु। मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित हुने अनुमान रहेको छ। यस बजेटले लिएको उद्देश्य प्राप्त गर्न सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तय गर्नेछ।

४९५. बजेट तर्जुमाको क्रममा मैले सम्मानित संसद समक्ष पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्गदर्शन गर्नु भएकोमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने संसदीय समिति, राजनीतिक दल, अर्थविद्, समाजशास्त्री, विकास विद्, विभिन्न क्षेत्रका विषय

विज्ञ, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर आवासीय नेपालीहरू तथा आम नेपाली नागरिकप्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु। देशको समग्र विकासमा योगदान पुऱ्याउने करदाता, निजी क्षेत्र र नेपाललाई निरन्तर रूपमा सहयोग पुऱ्याउने अन्तराष्ट्रिय विकास साझेदारहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

४९६. आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभूत गर्दै समुन्नत नेपाल निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद !

जय नेपाल !

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - १

(रु.लाखमा)

| विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | नेपाल सरकार | वैदेशिक | |
| | | | | | अनुदान | ऋण |
| **१ राजस्व (२+३+४)** | **११,१३,८४,८५** | **११,७९,८४,०१** | **१४,२२,५४,१७** | **१४,२२,५४,१७** | **०** | **०** |
| २ कर | ९,८४,३३,२० | १०,४९,६५,८७ | १३,०५,४७,९६ | १३,०५,४७,९६ | ० | ० |
| ३ अन्य राजस्व | ८१,०१,१६ | ९४,१२,२९ | १,१७,०६,२१ | १,१७,०६,२१ | ० | ० |
| ४ विविध प्राप्ति | ४८,५०,४९ | ३६,०५,८५ | ० | ० | ० | ० |
| **५ राजस्व बाँडफाँटमार्फत** | **१,२७,८४,६२** | **१,३९,८४,०१** | **१,७३,९२,१७** | **१,७३,९२,१७** | **०** | **०** |
| **६ संघीय सञ्चित कोषमा दाखिला हुने (१-५)** | **९,८६,००,२३** | **१०,४०,००,००** | **१२,४८,६२,००** | **१२,४८,६२,००** | **०** | **०** |
| **७ अनुदान** | **२७,४८,८१** | **३८,४५,८३** | **४९,९४,३०** | **०** | **४९,९४,३०** | **०** |
| **८ संघीय सरकारको राजस्व र अनुदान (६+७)** | **१०,१३,४९,०४** | **१०,७८,४५,८३** | **१२,९८,५६,३०** | **१२,४८,६२,००** | **४९,९४,३०** | **०** |
| **९ खर्च (१०+११+१२)** | **११,७०,५२,९८** | **१३,०१,७३,७७** | **१४,४३,८५,८५** | **१२,४१,२४,९६** | **४६,७४,३०** | **१,५५,८६,५९** |
| १० चालु | ५,४८,२४,२१ | ६,४०,३९,२४ | ७,४१,६९,७१ | ७,११,०१,६६ | १५,५८,४७ | १५,०९,५८ |
| ११ पुँजीगत | २,१६,२१,३० | २,५८,३४,५३ | ३,०२,०७,४४ | १,६३,९३,९२ | २०,६५,२१ | १,१७,४८,३१ |
| १२ वित्तीय हस्तान्तरण | ४,०६,०७,४७ | ४,०३,००,०० | ४,००,०८,७० | ३,६६,२९,३८ | १०,५०,६२ | २३,२८,७० |
| **१३ बजेट बचत(-) न्यून(+) (९-८)** | **१,५७,०३,९४** | **२,२३,२७,९४** | **१,४५,२९,५५** | **-७,३७,०४** | **-३,२०,००** | **१,५५,८६,५९** |
| **१४ वित्तीय व्यवस्था** | **-२,२३,८५,८१** | **-२,२३,२७,९४** | **-१,४५,२९,५५** | **७,३७,०४** | **३,२०,००** | **-१,५५,८६,५९** |
| **१५ आन्तरिक वित्तीय सम्पत्ति (१६+१७)** | **६२,५२,१८** | **४३,७३,२५** | **८१,९२,८७** | **२१,८४,५५** | **३,२०,००** | **५६,८८,३२** |
| १६ सार्वजनिक संस्थानमा ऋण लगानी | ४७,३०,०४ | ३१,७१,२९ | ६७,५९,६३ | ८,८१,३१ | १,९०,०० | ५६,८८,३२ |
| १७ संस्थानमा शेयर लगानी | १५,२२,१४ | १२,०१,९६ | १४,३३,२४ | १३,०३,२४ | १,३०,०० | ० |
| **१८ बाह्य वित्तीय सम्पत्ति (१९)** | **१९,५५** | **२१,००** | **३५,००** | **३५,००** | **०** | **०** |
| १९ वैदेशिक शेयर लगानी | १९,५५ | २१,०० | ३५,०० | ३५,०० | ० | ० |
| **२० आन्तरिक दायित्व (२१+२२)** | **-१,८५,२९,७७** | **-१,३९,२०,००** | **-५७,४४,२६** | **-५७,४४,२६** | **०** | **०** |
| २१ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | -२,३२,६३,५५ | -२,५६,००,०० | -२,४०,००,०० | -२,४०,००,०० | ० | ० |
| २२ ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ४७,३३,७८ | १,१६,८०,०० | १,८२,५५,७४ | १,८२,५५,७४ | ० | ० |
| **२३ बाह्य वित्तीय दायित्व (२४+२५)** | **-१,०१,२७,७७** | **-१,२८,०२,१९** | **-१,७०,१३,१६** | **४२,६१,७५** | **०** | **-२,१२,७४,९१** |
| २४ वैदेशिक ऋणको प्राप्ति | -१,३०,६९,३६ | -१,७०,५३,९४ | -२,१२,७४,९१ | ० | ० | -२,१२,७४,९१ |
| २५ वैदेशिक ऋण सांवा भुक्तानी | २९,४१,५९ | ४२,५१,७५ | ४२,६१,७५ | ४२,६१,७५ | ० | ० |
| **२६ बजेट बचत(-) न्यून (+) (१३+१४)** | **-६६,८१,८७** | **०** | **०** | **०** | **०** | **०** |
| **२७ कुल आम्दानी (८+२१+२४)** | **१३,७६,८१,९५** | **१५,०४,९९,७७** | **१७,५१,३१,२१** | **१४,८८,६२,००** | **४९,९४,३०** | **२,१२,७४,९१** |
| **२८ कुल खर्च (९+१५+१८+२२+२५)** | **१३,१०,००,०८** | **१५,०४,९९,७७** | **१७,५१,३१,२१** | **१४,८८,६२,००** | **४९,९४,३०** | **२,१२,७४,९१** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - २

(रु.लाखमा)

| शीर्षक | २०७८/७९ को यथार्थ संकलन | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान श्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **९८४३३२०** | **१०४९६५८७** | **१३०५४७९६** | **१२१८५००५** | **८६९७९३** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **२५२१८८५** | **२८१६५०७** | **३५०२९४१** | **३१११७७३** | **३९११६८** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **९२५०४४** | **९३९५८७** | **११६८५८२** | **१०७६३७१** | **९२२११** |
| ११११‍१-एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | २९९८८६ | ३३०८६२ | ४११४९९ | ३७४४६४ | ३७०३५ |
| १११‍१२-पारिश्रमिक कर | ३३७१६२ | ३९१९९९ | ४८७५३७ | ४४८५३४ | ३९००३ |
| १११‍१३-पूँजीगत लाभ कर | २८७९९६ | २१६७२६ | २६९५४६ | २५३३७३ | १६१७३ |
| | | | | | |
| **निकायको आयमा लाग्ने कर** | **१२३०१३५** | **१२५६६९७** | **१५६२९७७** | **१३२२९६२** | **२४००१५** |
| १११२१-निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | ६३४५९ | ८०५९४ | १००२३७ | ८९२११ | ११०२६ |
| १११२२-निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | ५५८८३१ | ५७३४९३ | ७१३२६३ | ५८४८७६ | १२८३८७ |
| १११२३-निकायको मुनाफामा लाग्ने कर — प्राइभेट लिमिटेड कम्पनी | ४७९१८९ | ४३१६९२ | ५३६९०३ | ४५६३६८ | ८०५३५ |
| १११२४-निकायको मुनाफामा लाग्ने कर — अन्य संस्था | १०९२६३ | १५७५७६ | १९५९८१ | १७६५७९ | १९४०२ |
| १११२५-पूँजीगतलाभ कर - निकाय | १९३९२ | १३३४२ | १६५९४ | १५९३० | ६६४ |
| | | | | | |
| **लगानीको आय तथा अन्य आयमा लाग्ने कर** | **३६६७०६** | **६२०२२३** | **७७१३८२** | **७१२४३९** | **५८९४३** |
| १११३१-सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ३१३४८ | ३१८४१ | ३९६०१ | ३७६२१ | १९८० |
| १११३२-व्याजमा लाग्ने कर | २४७२१६ | ४८०८३८ | ५९८०२७ | ५५०१८५ | ४७८४२ |
| १११३३-लाभांशमा लाग्ने कर | ६३१३७ | ७९५१७ | ९८८९७ | ९२४६९ | ६४२८ |
| १११३४-लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | ५३९२ | १६५८ | २०६२ | १९०८ | १५५ |
| १११३५-आकस्मिक लाभ कर | २४३२ | ४१९६ | ५२१८ | ४७४९ | ४७० |
| १११३९-अन्य आयमा लाग्ने कर | १७१८० | २२१७२ | २७५७६ | २५५०८ | २०६८ |
| | | | | | |
| **पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर** | **७८०६०** | **९५०७२** | **११८२४३** | **११३५१४** | **४७३०** |
| ११२११-पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ७८०६० | ९५०७२ | ११८२४३ | ११३५१४ | ४७३० |
| | | | | | |
| **सम्पत्ति कर** | **२** | **२** | **२** | **२** | **२** |
| **अचल सम्पत्तिमा लाग्ने कर** | **२** | **१** | **२** | **२** | **०** |
| ११३११-व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | २ | १ | २ | २ | ० |
| | | | | | |
| **वस्तु तथा सेवामा लाग्ने आधारित कर** | **५२५६३३६** | **५४९२४८०** | **६८३१०९७** | **६४४७५७२** | **३८३५२४** |
| **मूल्य अभिबृद्धि कर (मू.अ.क.)** | **३१४२७९४** | **३४२४३४०** | **४२५८९१४** | **३९८८३३७** | **२७०५७७** |
| ११४१९-बाँडफाँट हुने बाहेक अन्य स्रोत बाट प्राप्त मूल्य अभिबृद्धि कर | ५१७ | ३८१ | ४७३ | ४४० | ३३ |
| ३३३११-मू. अ. कर—उत्पादन | ३७९८५८ | ४१०७६३ | ५१०८७३ | ४६४८९५ | ४५९७९ |
| ३३३१२-मू. अ. कर-आयात | १९८४३७१ | २१६०२५८ | २६८६७५२ | २५२५५४७ | १६१२०५ |
| ३३३१३-मू. अ. कर -वस्तु बिक्री र वितरण | २९२९२५ | ३१५८१७ | ३९२७८७ | ३७३१४८ | १९६३९ |
| ३३३१४-मू. अ. कर -परामर्श तथा ठेक्का | २९०२१६ | २९११६८ | ३६२१३१ | ३४०४०३ | २१७२८ |
| ३३३१५-मू. अ. कर -पर्यटन सेवा संकलन | १२२८४ | २६१३३ | ३२५०३ | ३१०४० | १४६३ |
| ३३३१६-मू. अ. कर -संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | १२८०१९ | १४७९४७ | १८४००४ | १६९२८४ | १४७२० |
| ३३३१७-मू. अ. कर -बेदर्तावालाबाट गर्ने संकलन | ५४६०४ | ७१८७४ | ८९३९१ | ८३५८० | ५८१० |
| | | | | | |
| **अन्तःशुल्क** | **१६६७८१३** | **१६६६१२३** | **२०७२१८७** | **१९७८५०१** | **९३६८६** |
| ११४२२-अन्तःशुल्क आयात | ५७३०१५ | ४१५०१५ | ५१६१६२ | ४९५५१५ | २०६४६ |
| ११४२३-स्वास्थ जोखिम कर स्वदेशि उत्पादन | ६२६५५ | ८०७८० | १००४६७ | ९७४५३ | ३०१४ |
| ११४२४-स्वास्थ जोखिम कर बैदेशिक उत्पादन | ८६६ | १५८ | १९७ | १८९ | ८ |
| ३३३३१-अन्तःशुल्क -सुर्तिजन्य पदार्थ | २४५६५९ | ३०६११९ | ३८०७२५ | ३६७४०० | १३३२५ |
| ३३३३२-अन्तःशुल्क —मदिरा | ३०३३९१ | २९००१२ | ३६०६९३ | ३४२६५८ | १८०३५ |

| शीर्षक | २०७८/७९ को यथार्थ संकलन | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान श्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| ३३३३३-अन्तःशुल्क —बियर | ३०९८९४ | ३६४०११ | ४५२७२७ | ४३२३५४ | २०३७३ |
| ३३३३४-अन्तःशुल्क -अन्य औद्योगिक उत्पादन | १७२३३३ | २१००२९ | २६१२१६ | २४२९३१ | १८२८५ |
| **बिशेष सेवामा लाग्ने कर** | **१३२४६** | **२२६१७** | **२८१२९** | **२५८४४** | **२२८४** |
| ११४४२-स्वास्थ्यसेवा कर | ७३ | २२ | २७ | २५ | २ |
| ११४४३-शिक्षा सेवा कर- शैक्षिक संस्था | ७८२ | ९७८ | १२१७ | १११३ | १०३ |
| ११४४४-शिक्षा सेवा कर- वैदेशिक अध्ययन | ११६२६ | २०८६० | २५९४३ | २३८६८ | २०७५ |
| ११४६१-वस्तु तथा सेवामा लाग्ने अन्य कर | ७६५ | ७५७ | ९४२ | ८३८ | १०४ |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **४३२४८३** | **३७९४०१** | **४७१८६७** | **४५४८९१** | **१६९७६** |
| ११४५१-सवारी साधन कर ( साना सवारी ) | २ | १२ | ० | ० | ० |
| ११४५२-पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ८०५५ | ५३०४ | ६५९७ | ६३९९ | १९८ |
| ११४५३-सडक मर्मत तथा सुधार दस्तुर | ११३१६४ | ८७८७५ | १०९२९१ | १००५४८ | ८७४३ |
| ११४५४-सडक निर्माण तथा सम्भार दस्तुर | ७०६९७ | ३६८०० | ४५७८४ | ४३९५३ | १८३१ |
| ११४५५-पूर्वाधारकर | २४०५६६ | २४९४१० | ३१०१९५ | ३०३९९१ | ६२०४ |
| **वैदेशिक व्यापारमा आधारित कर** | **१९८७०३२** | **२०९२५२२** | **२६०२५१०** | **२५१२१४२** | **९०३६८** |
| **आयातमा लाग्ने भसार महसुल** | **१८७३११३** | **१९६८६८३** | **२४४८४८९** | **२३६२७९२** | **८५६९७** |
| ११५११-भंसार महसुल - आयात | १८७३११३ | १९६८६८३ | २४४८४८९ | २३६२७९२ | ८५६९७ |
| **भन्सार महसुल निर्यात** | **४००६** | **५६२१** | **६९९१** | **६७३२** | **२६०** |
| ११५२१-भंसार महसुल -निर्यात | ३८०७ | ४७४० | ५८९५ | ५६७७ | २१८ |
| ११५२२-निर्यात सेवा शुल्क | १९९ | ८८१ | १०९६ | १०५५ | ४२ |
| **वैदेशिक व्यापारमा आधारित अन्य कर** | **१०९९१३** | **११८२१८** | **१४७०३०** | **१४२६१९** | **४४११** |
| ११५६१-कृषिसुधार शुल्क | ९०६४१ | १०५९१७ | १३१७३१ | १२७७७९ | ३९५२ |
| ११५६२-भंसारसम्बन्धी अन्य आय | १९२७२ | १२३०१ | १५२९९ | १४८४० | ४५९ |
| **अन्य कर** | **४** | **२** | **२** | **२** | **०** |
| ११६९१-अन्यकर | ४ | २ | २ | २ | ० |
| **अन्य राजस्व (गैरकर)** | **८१०११६** | **९४१२२९** | **११७०६२१** | **११२३४५८** | **४७१६३** |
| **सम्पत्तिवाट प्राप्त आय** | **२६०२१७** | **४१७१३०** | **५१२६९९** | **४९५४९७** | **१७२०२** |
| **ब्याज** | **६१८८७** | **६६२७७** | **७५११७** | **७२८८९** | **२२२९** |
| १४१११-वित्तीय निकायबाट प्राप्त ब्याज | २२९४ | १६७७ | २०८५ | २०४४ | ४२ |
| १४११२-व्यापारिक निकायवाट प्राप्त ब्याज | ० | २१८० | २७११ | २६३० | ८१ |
| १४११३-औद्योगिक निकायबाट प्राप्त ब्याज | १२६ | ० | ० | ० | ० |
| १४११४-सेवामुलक निकायबाट प्राप्त ब्याज | ५८८०० | ६१७७६ | ६९५२० | ६७४३४ | २०८६ |
| १४११९-अन्य निकायबाट प्राप्त ब्याज | ६६७ | ६४४ | ८०१ | ७८१ | २० |
| **लाभांस** | **९५९३४** | **२१६६८६** | **२७५५८९** | **२६८१२९** | **७४६०** |
| १४१२१-वित्तीय निकायबाट प्राप्त लाभांश | ६२७२१ | १४०३१८ | १७८१७२ | १७४६०९ | ३५६३ |
| १४१२२-व्यापारिक निकायबाट प्राप्त लाभांश | ४३ | ० | ० | ० | ० |
| १४१२४-सेवामुलक निकायबाट प्राप्त लाभांश | ३२६८४ | ७६३६८ | ९७४१७ | ९३५२० | ३८९७ |
| १४१२९-अन्य निकायबाट प्राप्त लाभांश | ४८६ | ० | ० | ० | ० |
| **भाडा र रोयल्टी** | **१००२७५** | **१२८११९** | **१५४४७०** | **१४७१८३** | **७२८७** |
| १४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २६१२ | २५७५ | ३२०२ | ३१३८ | ६४ |
| १४१५२-क्यासिनोबाट प्राप्त रोयल्टी | ९३११ | ११००९ | १३६९२ | १३२८१ | ४११ |
| १४१५९-अन्यस्रोतबाट प्राप्त रोयल्टी | ३५५६० | ५४४४० | ६७७०८ | ६४९९९ | २७०८ |

| शीर्षक | २०७८/७९ को यथार्थ संकलन | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान श्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| ३३३६१-वन क्षेत्रको रोयल्टी | ४१२९ | ६४१३ | ७९७६ | ७६१८ | ३५९ |
| ३३३६२-खानी तथा खनिज सम्बन्धी रोयल्टी | १२६९५ | ६७२१ | ८३६० | ८०२५ | ३३४ |
| ३३३६४-विद्युत सम्बन्धी रोयल्टी | ३०५७९ | ३५२३१ | ३८९४३ | ३५८२८ | ३११५ |
| ३३३६५-पर्वतारोहण रोयल्टी | ५३३५ | ११६९८ | १४५४९ | १४२५८ | २९१ |
| ३३३९१-अन्य बाँडफाँट हुने राजस्व संकलन | ५४ | ३२ | ४० | ३६ | ४ |
| **अन्य शुल्क** | **२१२१** | **६०४८** | **७५२३** | **७२९७** | **२२६** |
| १४१९१-पर्यटन शुल्क | ५९३ | १३४५ | १६७३ | १६२२ | ५० |
| १४१९२-पदयात्रा शुल्क | १५२८ | ४७०४ | ५८५० | ५६७४ | १७५ |
| **वस्तु तथा सेवा विक्रीवाट प्राप्त रकम** | **३२९१६१** | **३७३१७५** | **४६७७७९** | **४४२५९८** | **२५१८१** |
| **वस्तु तथा सेवा विक्रीवाट प्राप्त रकम** | **११५६७०** | **९८८५४** | **१२४१६५** | **११७३७०** | **६७९५** |
| १४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १७५३ | १७४८ | २१७४ | २१०८ | ६५ |
| १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १५५५ | ४८८४ | ६०७४ | ५८९२ | १८२ |
| १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | २६१६ | २६८० | ३३३३ | ३२६६ | ६७ |
| १४२१४-दूरसंचार सेवा शुल्क | ९५५०९ | ७४८३५ | ९४२९२ | ८८६३४ | ५६५८ |
| १४२१५-टेलिफोन स्वामित्वको शुल्क | १४२०८ | १४६८५ | १८२६४ | १७४४२ | ८२२ |
| १४२१७-नहर तथा कुलो उपयोग वापतको शुल्क | २२ | १६ | २० | २० | १ |
| १४२१८-विद्युत सेवा शुल्क | ७ | ७ | ८ | ८ | ० |
| **प्रशासनिक सेवा शुल्क** | **१७७७०४** | **२४४३२३** | **३०६३०६** | **२८९६७९** | **१६६२७** |
| १४२२१-न्यायिक दस्तूर | १६८६९ | १७८०६ | २२१४६ | २१४८२ | ६६४ |
| १४२२२-हुलाक सेवा शुल्क | २४५६ | २९४७ | ३६६५ | ३३७२ | २९३ |
| १४२२३-शिक्षा क्षेत्रको आम्दानी | ५७२९ | ८४१७ | १०४६९ | ९९४५ | ५२३ |
| १४२२४-परीक्षाशुल्क | १०३३९ | ८८९६ | ११०६४ | १०६८८ | ३७६ |
| १४२२५-यातायात क्षेत्रको आम्दानी | १०७१ | १२०१ | १४९४ | १४४९ | ४५ |
| १४२२६-आयात निर्यात इजाजत पत्र दस्तूर | २०३६ | १५६७ | १९४९ | १९१० | ३९ |
| १४२२७-राहदानी शुल्क | ७१२७१ | १०६४८१ | १३३६५१ | १२४९६४ | ८६८७ |
| १४२२८-भिसा शुल्क | २००७४ | ४०७१७ | ५०६४० | ४९६२८ | १०१३ |
| १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ४७८५८ | ५६२९० | ७१२२७ | ६६२४१ | ४९८६ |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **२०४६२** | **१६८३४** | **२०९३६** | **१९५०९** | **१४२७** |
| १४१७७-घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६३० | ५०५ | ६२८ | ६१६ | १३ |
| १४२५१-कम्पनी रजिष्ट्रेशन दस्तुर | १६३२९ | १३९६३ | १७३६६ | १६१५० | १२१६ |
| १४२५२-एजेन्सी रजिष्ट्रेशन दस्तुर | ५२ | ४८ | ५९ | ५७ | २ |
| १४२५४-रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १८८ | ९६ | ११९ | ११७ | ३ |
| १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | २८८२ | १८६३ | २३१६ | २१३१ | १८५ |
| १४२५७-हातहतियारको इजाजतपत्र दस्तूर | ३८१ | ३६० | ४४७ | ४३८ | ९ |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **१५३२५** | **१३१६४** | **१६३७२** | **१६०४०** | **३३३** |
| १४२६२-विद्युत सम्बन्धी दस्तुर | १४६८६ | १३०४३ | १६२२२ | १५८९८ | ३२४ |
| १४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ० | ० | ० | ० |
| १४२६४-वन क्षेत्रको  अन्य आय | ६३६ | ११९ | १४७ | १४० | ८ |
| १४२६५-अन्य क्षेत्रको आय | ३ | २ | ३ | ३ | ० |
| **दण्ड जरिवाना र जफत** | **२९१०४** | **३३७६६** | **४१९९६** | **४०५७८** | **१४१८** |
| **दण्ड जरिवाना र जफत** | **२९१०४** | **३३७६६** | **४१९९६** | **४०५७८** | **१४१८** |
| १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | ४१३३ | ३१६५ | ३९३७ | ३७९१ | १४६ |
| १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | २३६८१ | २८५०८ | ३५४५६ | ३४३९३ | १०६४ |
| १४३१३-धरौटी सदरस्याहा | १२९० | २०९३ | २६०३ | २३९४ | २०८ |

| शीर्षक | २०७८/७९ को यथार्थ संकलन | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान श्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **अनुदान बाहेकको हस्तान्तरण** | **०** | **२** | **२** | **२** | **०** |
| **चालु हस्तान्तरण** | **०** | **२** | **२** | **२** | **०** |
| १४४११-चालु हस्तान्तरण | ० | २ | २ | २ | ० |
| **विविध राजस्व** | **१९१६३४** | **११७१५६** | **१४८१४५** | **१४४७८३** | **३३६३** |
| **चालु दावी तथा अन्य शुल्क** | **२** | **४** | **५** | **५** | **०** |
| १४५११-बीमादावी प्राप्ति | २ | ४ | ५ | ५ | ० |
| **अन्य राजस्व** | **१९१५८४** | **११७०१४** | **१४७९६८** | **१४४६११** | **३३५८** |
| १४५२१-प्रदुषण नियन्त्रण शुल्क | ३६९६७ | ३२०२४ | ३९८२८ | ३८६३३ | ११९५ |
| १४५२९-अन्य राजस्व | १५४६१७ | ८४९९० | १०८१४० | १०५९७७ | २१६३ |
| **पूँजीगत राजस्व** | **४८** | **१३८** | **१७२** | **१६७** | **५** |
| १४५३१-सरकारीघर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ४८ | १३८ | १७२ | १६७ | ५ |
| *राजस्व जम्मा* | *१०६५३४३६* | *११४३७८१६* | *१४२२५४१७*<br>० | *१३३०८४६३* | *९१६९५६* |
| **विविध प्राप्ति** | **४८५०४९** | **३६०५८५** | **०** | **०** | **०** |
| १५१११-बेरूजू | ९४८२१ | ४५२९० | ० | ० | ० |
| १५११२-निकासा फिर्ता | ४२४८३ | ३६०३५ | ० | ० | ० |
| १५११३-अनुदान फिर्ता | ३४७७४५ | २७९२६० | ० | ० | ० |
| *जम्मा(राजस्व/प्राप्ति):* | *१११३८४८५* | *११७९८४०१* | *१४२२५४१७* | *१३३०८४६३* | *९१६९५६* |
| **राजस्व बाँडफाँटः** | **१२७८४६२** | **१३९८४०१** | **१७३९२१७** | **१६४३५६०** | **९५६५७** |
| **संघीय सर्वसञ्चित कोषमा दाखिला हुने राजस्व** | **९८६००२३** | **१०४०००००** | **१२४८६२००** | **११६६४९०४** | **८२१२९९** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ३
(रु.लाखमा)

| शीर्षक | २०८०/८१ को लक्ष्य | | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा | संघ | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **६,३०,५५,०६** | **४,५२,४०,६५** | **७०,४०,४४** | **१,०७,७३,९७** | **३६.००** |
| कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | ० | ० | ० | ० | |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ६९,३३,४१ | ६९,३३,४१ | ० | ० | |
| बाह्य आर्थिक सहायता | २,९७,३९ | २,९७,३९ | ० | ० | |
| सामान्य सेवा | ९२,३२,४६ | ८८,३२,४७ | ० | ३,९९,९९ | |
| आधारभूत अनुसन्धान | १,१७,९१ | १,१७,९१ | ० | ० | |
| सामान्य आधारभूत सेवा | ० | ० | ० | ० | |
| सामान्य अनुसन्धान तथा विकास सेवा | ० | ० | ० | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | २,२३,१३ | १,३५,७८ | ८७,३५ | ० | |
| अन्य सामान्य सेवा | ० | ० | ० | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | १२,७८,७१ | १२,१७,७१ | १,२३ | ५९,७७ | |
| सार्वजनिक ऋण कारोवार | २,७५,८६,२० | २,७५,८६,२० | ० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १,७३,८५,८५ | १,१९,७८ | ६९,५१,८६ | १,०३,१४,२१ | |
| **रक्षा** | **५७,३०,४३** | **५७,३०,४३** | **०** | **०** | **३.२७** |
| सैनिक सुरक्षा | ५६,९९,०० | ५६,९९,०० | ० | ० | |
| नागरिक सुरक्षा | २६,४४ | २६,४४ | ० | ० | |
| रक्षा - अन्यत्र वर्गिकृत नभएको | ४,९९ | ४,९९ | ० | ० | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **७१,२०,२३** | **७१,२०,२३** | **०** | **०** | **४.०७** |
| प्रहरी सेवा | ५२,३८,३६ | ५२,३८,३६ | ० | ० | |
| अग्नी नियन्त्रण सेवा | १,७९ | १,७९ | ० | ० | |
| न्यायालय | ९,७२,५० | ९,७२,५० | ० | ० | |
| कारागार | ३,००,७१ | ३,००,७१ | ० | ० | |
| सार्वजनिक शान्ति सुरक्षा | ० | ० | ० | ० | |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ४,०० | ४,०० | ० | ० | |
| सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ६,०२,८७ | ६,०२,८७ | ० | ० | |
| **आर्थिक मामिला** | **३,९०,९६,९६** | **३,६०,०३,०१** | **१६,७८,७१** | **१४,१५,२४** | **२२.३२** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम | ० | ० | ० | ० | |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १५,०७,०० | ११,३६,०२ | २,३५ | ३,६८,६३ | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | १,१२,०९,१४ | १,००,०९,१२ | ७,८८,४४ | ४,११,५८ | |
| कृषि, वन , मत्स्यपालन तथा सिंचाइ | ० | ० | ० | ० | |
| इन्धन तथा उर्जा | ५३,९१,४१ | ५३,२०,१० | ७,४० | ६३,९१ | |
| खानी , उत्पादन तथा निर्माण | १,३९,२४,६१ | १,३०,८२,३१ | ३,७३,८४ | ४,६८,४६ | |
| यातायात | १७,५३,१२ | १२,४६,४४ | ५,०६,६८ | ० | |
| संचार | ७,४२,७७ | ७,४२,७७ | ० | ० | |
| अन्य उद्योगहरु | ५,७८,४४ | ४,७५,७८ | ० | १,०२,६६ | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | २,७७,९६ | २,७७,९६ | ० | ० | |
| आर्थिक मामिला - अन्यत्र वर्गिकृत नभएको | ३७,१२,५१ | ३७,१२,५१ | ० | ० | |
| आर्थिक मामीला - अन्यत्र वर्गिकृत नभएको | ० | ० | ० | ० | |

| शीर्षक | २०८०/८१ को लक्ष्य | | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा | संघ | प्रदेश | स्थानीय तह | |
| **वातावरण संरक्षण** | **८,५९,५६** | **७,८८,६५** | **३४,१०** | **३६,८१** | **०.४९** |
| फोहोर मैला व्यवस्थापन | १,८१,३५ | १,८१,३५ | ० | ० | |
| ढल व्यवस्थापन | १,०७,६२ | १,०७,५१ | ११ | ० | |
| जैविक विविधता र भू-संरक्षण | १,२८,७८ | १,२८,७८ | ० | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | १३,४५ | १३,४५ | ० | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ४,२८,३६ | ३,५७,५६ | ३३,९९ | ३६,८१ | |
| **आवास तथा सामुदायिक सुविधा** | **६६,०२,८६** | **५४,२३,७५** | **६,४०,९६** | **५,३८,१५** | **३.७७** |
| आवास विकास | ३३,४८,२१ | २८,७२,६० | २,३३,१९ | २,४२,४२ | |
| सामुदायिक विकास | २,३७,४५ | ७४,६८ | ० | १,६२,७७ | |
| खानेपानी | २६,६९,४९ | २१,२८,७६ | ४,०७,७७ | १,३२,९६ | |
| आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ३,४७,७१ | ३,४७,७१ | ० | ० | |
| **स्वास्थ्य** | **१,०२,७६,९५** | **६७,९७,९८** | **६,०५,८८** | **२८,७३,०९** | **५.८७** |
| औषधी उत्पादन,उपकरण तथा औजार | १,०४,७२ | ४८,१७ | ३७,४६ | १९,०९ | |
| वहिरंङ्ग सेवा | ८,६२,७६ | ७,४६,१६ | ७१,०१ | ४५,५९ | |
| अस्पताल सेवा | ३७,११,०८ | २९,२६,५१ | ३,९९,४७ | ३,८५,१० | |
| सार्वजनिक स्वास्थ्य सेवा | ४३,१५,७३ | १८,४९,०१ | ७५,८६ | २३,९०,८६ | |
| अनुसन्धान सेवा | ० | ० | ० | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | १०,७२,३४ | १०,१७,८१ | २२,०८ | ३२,४५ | |
| स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | २,१०,३२ | २,१०,३२ | ० | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **६,६६,१९** | **५,८६,३३** | **३९,६३** | **४०,२३** | **०.३८** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | २,७४,३५ | १,९४,४९ | ३९,६३ | ४०,२३ | |
| सांस्कृतिक सेवा | २,५७,६७ | २,५७,६७ | ० | ० | |
| प्रसारण तथा प्रकाशन सेवा | १,२८,९० | १,२८,९० | ० | ० | |
| अनुसन्धान तथा विकास, संस्कृतिक र धार्मिक | ० | ० | ० | ० | |
| मनोरंजन संस्कृती तथा धर्ममा अनुसन्धान तथा विकास | ५,२७ | ५,२७ | ० | ० | |
| **शिक्षा** | **१,९७,७७,५५** | **५७,३०,४०** | **४,६६,९६** | **१,३५,८०,१९** | **११.२९** |
| पूर्व प्राथमिक र प्राथमिक शिक्षा | ७६,०२,५० | १,८३,८० | ० | ७४,१८,७० | |
| माध्यमिक शिक्षा | २०,६१,७५ | ० | ० | २०,६१,७५ | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ४७,४४,३५ | १,७७,६५ | ४,६६,९६ | ४०,९९,७४ | |
| शिक्षाको लागि सहायक सेवाहरु | ५०,६७,३९ | ५०,६७,३९ | ० | ० | |
| शिक्षा - अनुसन्धान विकास | २,०७,९६ | २,०७,९६ | ० | ० | |
| शिक्षा- अनुसन्धान विकास | ० | ० | ० | ० | |
| शिक्षा - अन्यत्र वर्गिकृत नभएको | ९३,६० | ९३,६० | ० | ० | |
| शिक्षा- अन्यत्र वर्गिकृत नभएको | ० | ० | ० | ० | |
| **सामाजिक सुरक्षा** | **२,१९,४५,४२** | **२,१७,०१,०८** | **०** | **२,४४,३४** | **१२.५३** |
| परिवार र शिशु कल्याण | १,०० | १,०० | ० | ० | |
| बेरोजगार | २,३८,७९ | ५,४४ | ० | २,३३,३५ | |
| सामाजिक असमावेशी | १,०४ | १,०४ | ० | ० | |
| सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास | १३,२६ | २,२७ | ० | १०,९९ | |
| सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | २,१६,९१,३३ | २,१६,९१,३३ | ० | ० | |
| **कुल जम्मा** | **१७,५१,३१,२१** | **१३,५१,२२,५१** | **१,०५,०६,६८** | **२,९५,०२,०२** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ४
(रु.लाखमा)

| निकाय | कुल जम्मा | संघ | | | प्रदेश | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | | |
| १०१ राष्ट्रपति | १४,०५ | १४,०५ | १४,०५ | ० | ० | ० | ०.०१ |
| १०२ उपराष्ट्रपति | ५,०४ | ५,०४ | ५,०४ | ० | ० | ० | ०.०० |
| १०३ प्रदेश प्रमुखहरु | २१,०९ | २१,०९ | २१,०९ | ० | ० | ० | ०.०१ |
| २०२ संघीय संसद | १,२२,३९ | १,२२,३९ | १,२२,३९ | ० | ० | ० | ०.०७ |
| २०४ अदालत | ७,५७,११ | ७,५७,११ | ७,५७,११ | ० | ० | ० | ०.४३ |
| २०६ अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १,५३,०१ | १,५३,०१ | १,५३,०१ | ० | ० | ० | ०.०९ |
| २०८ महालेखा परीक्षकको कार्यालय | ६३,७९ | ६३,७९ | ६३,७९ | ० | ० | ० | ०.०४ |
| २१० लोक सेवा आयोग | ८५,७२ | ८५,७२ | ८५,७२ | ० | ० | ० | ०.०५ |
| २१२ निर्वाचन आयोग | ६०,७८ | ६०,७८ | ६०,७८ | ० | ० | ० | ०.०३ |
| २१४ राष्ट्रिय मानव अधिकार आयोग | २८,४२ | २८,४२ | २८,४२ | ० | ० | ० | ०.०२ |
| २१८ न्याय परिषद् | ५,१९ | ५,१९ | ५,१९ | ० | ० | ० | ०.०० |
| २२० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९,३० | ९,३० | ९,३० | ० | ० | ० | ०.०१ |
| २२२ राष्ट्रिय महिला आयोग | ९,२३ | ९,२३ | ९,२३ | ० | ० | ० | ०.०१ |
| २२४ राष्ट्रिय दलित आयोग | ३,४२ | ३,४२ | ३,४२ | ० | ० | ० | ०.०० |
| २२६ राष्ट्रिय समावेशी आयोग | ३,३० | ३,३० | ३,३० | ० | ० | ० | ०.०० |
| २२८ आदिवासी जनजाति आयोग | ३,४२ | ३,४२ | ३,४२ | ० | ० | ० | ०.०० |
| २३० मधेशी आयोग | ३,५१ | ३,५१ | ३,५१ | ० | ० | ० | ०.०० |
| २३२ थारू आयोग | ४,३३ | ४,३३ | ४,३३ | ० | ० | ० | ०.०० |
| २३४ मुस्लिम आयोग | ४,२३ | ४,२३ | ४,२३ | ० | ० | ० | ०.०० |
| ३०१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५,६०,२० | ५,६०,२० | ५,६०,२० | ० | ० | ० | ०.३२ |
| ३०५ अर्थ मन्त्रालय | ४७,२७,६५ | ४७,२७,६५ | ४०,००,६२ | ७,२७,०३ | ० | ० | २.७० |
| ३०७ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९,४५,९६ | ८,४३,३० | ८,१३,८० | २९,५० | ० | १,०२,६६ | ०.५४ |
| ३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ८७,४५,०४ | ८१,९४,४० | २८,५१,८३ | ५३,४२,५७ | ४,८३,२८ | ६७,३६ | ४.९९ |
| ३११ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७७,५६ | ७७,५६ | ७७,५६ | ० | ० | ० | ०.०४ |
| ३१२ कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५८,९८,२१ | ५४,०९,११ | ५०,५९,११ | ३,५०,०० | १,०३,२२ | ३,८५,८८ | ३.३७ |
| ३१३ खानेपानी मन्त्रालय | २८,१५,५६ | २३,०५,०७ | १३,४४,३० | ९,६०,७७ | ३,७७,५३ | १,३२,९६ | १.६१ |
| ३१४ गृह मन्त्रालय | १,९४,१६,५३ | १,९३,५६,७६ | १,९३,५६,७६ | ० | ० | ५९,७७ | ११.०९ |
| ३२५ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ११,९६,२६ | ११,९६,२६ | ५,३२,२६ | ६,६४,०० | ० | ० | ०.६८ |
| ३२६ परराष्ट्र मन्त्रालय | ६,०२,५७ | ६,०२,५७ | ६,०२,५७ | ० | ० | ० | ०.३४ |
| ३२९ वन तथा वातावरण मन्त्रालय | १५,५५,८७ | १२,२३,१३ | १२,११,१३ | १२,०० | २,७३,६८ | ५९,०६ | ०.८९ |
| ३३६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७,२४,६६ | ७,१३,६७ | ७,१३,६७ | ० | ० | १०,९९ | ०.४१ |
| ३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १,३४,३९,९६ | १,३१,७९,६८ | १,३१,५९,६८ | २०,०० | २,६०,२८ | ० | ७.६७ |

| निकाय | कुल जम्मा | संघ | | | प्रदेश | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | | |
| ३४० महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १,५७,६२ | १,५७,६२ | १,५७,६२ | ० | ० | ० | ०.०९ |
| ३४३ युवा तथा खेलकुद मन्त्रालय | २,८७,५९ | २,०७,७३ | २,०७,७३ | ० | ३९,६३ | ४०,२३ | ०.१६ |
| ३४५ रक्षा मन्त्रालय | ५८,८४,४६ | ५८,८४,४६ | ५८,८४,४६ | ० | ० | ० | ३.३६ |
| ३४७ शहरी विकास मन्त्रालय | ६६,१७,५५ | ४७,७०,२० | ४६,४९,२० | १,२१,०० | ८,४६,५९ | १०,००,७६ | ३.७८ |
| ३५० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १,९७,२९,५५ | ५६,८२,४० | ५६,८२,४० | ० | ४,६६,९६ | १,३५,८०,१९ | ११.२७ |
| ३५८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८,७१,६७ | ८,७१,६७ | ८,७०,६७ | १,०० | ० | ० | ०.५० |
| ३६५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९,९६,६२ | ५,६७,९९ | ५,६७,९९ | ० | ९५,४२ | ३,३३,२१ | ०.५७ |
| ३७० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ८३,९९,१८ | ४९,८०,५४ | ४९,८०,५४ | ० | ६,०५,८८ | २८,१२,७६ | ४.८० |
| ३७१ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८,०८,२७ | २,०३,९४ | २,०३,९४ | ० | २,३५ | ६,०१,९८ | ०.४६ |
| ३९१ राष्ट्रिय योजना आयोग | २३,३९ | २३,३९ | २३,३९ | ० | ० | ० | ०.०१ |
| ५०२ अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २,७५,७८,७४ | २,७५,७८,७४ | ९३,२३,०० | १,८२,५५,७४ | ० | ० | १५.७५ |
| ५०३ अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४१,२७,०५ | ४१,२७,०५ | ८,२१,९८ | ३३,०५,०७ | ० | ० | २.३६ |
| ५०४ अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | १३,५०,२८ | १३,५०,२८ | ३,९३,६० | ९,५६,६८ | ० | ० | ०.७७ |
| ६०१ अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | १,१३,००,०० | १,१३,००,०० | १,१३,००,०० | ० | ० | ० | ६.४५ |
| ६०२ अर्थ मन्त्रालय- विविध | ७६,६९,८१ | ७६,६९,८१ | ७६,६९,८१ | ० | ० | ० | ४.३८ |
| ७०१ प्रदेश | ६९,५१,८६ | ० | ० | ० | ६९,५१,८६ | ० | ३.९७ |
| ८०१ स्थानीय तह | १,०३,१४,२१ | ० | ० | ० | ० | १,०३,१४,२१ | ५.८९ |
| **कुल जम्मा** | **१७,५१,३१,२१** | **१३,५१,२२,५१** | **१०,४३,७७,१५** | **३,०७,४५,३६** | **१,०५,०६,६८** | **२,९५,०२,०२** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान (भुक्तानी विधिका आधारमा)
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ५
(रु.लाखमा)

| खर्च शीर्षक | नगद | | | | वस्तुगत तथा सोझै भुक्तानी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | राजस्व | आन्तरिक ऋण | वैदेशिक सहयोग नगद | नगद जम्मा | | |
| **चालु** | **९,६८,८९,७९** | **१,०८,४१,२५** | **५२,४२,८२** | **११,२९,७३,८६** | **१२,०४,५५** | **११,४१,७८,४१** |
| **२११०० पारिश्रमिक / सुविधा** | **१,७१,७७,४४** | **०** | **३,६९** | **१,७१,८१,१३** | **४** | **१,७१,८१,१७** |
| २११११ पारिश्रमिक कर्मचारी | १,२४,८७,७७ | ० | २,७८ | १,२४,९०,५५ | ० | १,२४,९०,५५ |
| २१११२ पारिश्रमिक पदाधिकारी | २,९९,७३ | ० | ० | २,९९,७३ | ० | २,९९,७३ |
| २११२१ पोशाक | ५,१२,०० | ० | ७ | ५,१२,०७ | ० | ५,१२,०७ |
| २११२२ खाद्यान्न | १५,८०,४३ | ० | ० | १५,८०,४३ | ० | १५,८०,४३ |
| २११२३ औषधी उपचार खर्च | १०,३१,१६ | ० | ० | १०,३१,१६ | ० | १०,३१,१६ |
| २११३१ स्थानीय भत्ता | १,९३,२९ | ० | १० | १,९३,३९ | ० | १,९३,३९ |
| २११३२ महंगी भत्ता | ६,९४,९२ | ० | १३ | ६,९५,०५ | ० | ६,९५,०५ |
| २११३३ फिल्ड भत्ता | १,२७ | ० | ० | १,२७ | ० | १,२७ |
| २११३४ कर्मचारीको बैठक भत्ता | २२,०० | ० | ५३ | २२,५३ | ४ | २२,५७ |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३९,२० | ० | ० | ३९,२० | ० | ३९,२० |
| २११३६ वैदेशिक भत्ता | ९१,७९ | ० | ० | ९१,७९ | ० | ९१,७९ |
| २११३९ अन्य भत्ता | १,६८,०८ | ० | ८ | १,६८,१६ | ० | १,६८,१६ |
| २११४१ पदाधिकारी बैठक भत्ता | ७,२४ | ० | ० | ७,२४ | ० | ७,२४ |
| २११४२ पदाधिकारी अन्य सुविधा | ४५,२१ | ० | ० | ४५,२१ | ० | ४५,२१ |
| २११४९ पदाधिकारी अन्य भत्ता | ३,३५ | ० | ० | ३,३५ | ० | ३,३५ |
| **२१२०० कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **२,६२,५९** | **०** | **९** | **२,६२,६८** | **०** | **२,६२,६८** |
| २१२११ सामाजिक सुरक्षा कोष खर्च | १ | ० | ० | १ | ० | १ |
| २१२१२ योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १,२१,१० | ० | ४ | १,२१,१४ | ० | १,२१,१४ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १,३०,८३ | ० | ५ | १,३०,८८ | ० | १,३०,८८ |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ३५ | ० | ० | ३५ | ० | ३५ |
| २१२२२ पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | ७ | ० | ० | ७ | ० | ७ |
| २१२२३ पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १०,२३ | ० | ० | १०,२३ | ० | १०,२३ |
| **२२१०० सेवा महसुल** | **३,६५,१७** | **०** | **२,८९** | **३,६८,०६** | **९२** | **३,६८,९८** |
| २२१११ पानी तथा बिजुली | २,४५,२५ | ० | १,३० | २,४६,५५ | ८० | २,४७,३५ |
| २२११२ संचार महसुल | १,१९,९२ | ० | १,५९ | १,२१,५१ | १२ | १,२१,६३ |
| **२२२०० पुँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **७,५५,९१** | **०** | **१२,६०** | **७,६८,५१** | **२,१९** | **७,७०,७०** |
| २२२११ इन्धन (पदाधिकारी) | १७,०५ | ० | ० | १७,०५ | ० | १७,०५ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३,१३,५७ | ० | ५,३५ | ३,१८,९२ | ३९ | ३,१९,३१ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,६४,७६ | ० | ३,७४ | १,६८,५० | ७८ | १,६९,२८ |
| २२२१४ बीमा तथा नवीकरण खर्च | ७०,९१ | ० | ७२ | ७१,६३ | ५६ | ७२,१९ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६७,०१ | ० | १,९६ | ६८,९७ | ७ | ६९,०४ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३८,१२ | ० | ५० | ३८,६२ | ३ | ३८,६५ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ८४,४९ | ० | ३३ | ८४,८२ | ३६ | ८५,१८ |

| खर्च शीर्षक | नगद | | | | वस्तुगत तथा सोझै भुक्तानी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | राजस्व | आन्तरिक ऋण | वैदेशिक सहयोग नगद | नगद जम्मा | | |
| **२२३०० कार्यालय सामान तथा सेवाहरू** | **४,०३,०३** | **०** | **१४,०३** | **४,१७,०६** | **२,८५** | **४,१९,९१** |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,८४,१९ | ० | ८,७९ | २,९२,९८ | २,५४ | २,९५,५२ |
| २२३१२ पशुपंक्षीहरूको आहार | १७,४५ | ० | ० | १७,४५ | ० | १७,४५ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ४,०२ | ० | २२ | ४,२४ | ० | ४,२४ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २४,०८ | ० | २५ | २४,३३ | ० | २४,३३ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६३,२३ | ० | ४,३१ | ६७,५४ | ३० | ६७,८४ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १०,०६ | ० | ४६ | १०,५२ | १ | १०,५३ |
| **२२४०० सेवा तथा परामर्श खर्च** | **८,७८,४४** | **०** | **१,०६,०२** | **९,८४,४६** | **१,८७,७५** | **११,७२,२१** |
| २२४११ सेवा र परामर्श खर्च | ८२,८५ | ० | ७७,६० | १,६०,४५ | १,८५,३६ | ३,४५,८१ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३५,५५ | ० | ९,६४ | ४५,१९ | २ | ४५,२१ |
| २२४१३ करार सेवा शुल्क | ६,६७,०७ | ० | १२,७९ | ६,७९,८६ | २० | ६,८०,०६ |
| २२४१९ अन्य सेवा शुल्क | ९२,९७ | ० | ५,९९ | ९८,९६ | २,१७ | १,०१,१३ |
| **२२५०० कार्यक्रम सम्वन्धी खर्चहरू** | **१३,५०,०३** | **०** | **४,०३,६३** | **१७,५३,६६** | **५,२८,८२** | **२२,८२,४८** |
| २२५११ कर्मचारी तालिम खर्च | १,०५,८४ | ० | १७,०४ | १,२२,८८ | १,८७ | १,२४,७५ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८३,४४ | ० | ५६,५८ | १,४०,०२ | १९,१७ | १,५९,१९ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ९३,२१ | ० | ३६ | ९३,५७ | ० | ९३,५७ |
| २२५२२ कार्यक्रम खर्च | ९,१९,९५ | ० | ३,२९,४४ | १२,४९,३९ | ५,०७,७८ | १७,५७,१७ |
| २२५२९ विविध कार्यक्रम खर्च | १,४७,५९ | ० | २१ | १,४७,८० | ० | १,४७,८० |
| **२२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **२,६८,६०** | **०** | **१८,०१** | **२,८६,६१** | **५,८२** | **२,९२,४३** |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १,०५,४९ | ० | १०,८१ | १,१६,३० | २,७४ | १,१९,०४ |
| २२६१२ भ्रमण खर्च | १,४४,७६ | ० | ७,२० | १,५१,९६ | ३,०८ | १,५५,०४ |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ११,२८ | ० | ० | ११,२८ | ० | ११,२८ |
| २२६१९ अन्य भ्रमण खर्च | ७,०७ | ० | ० | ७,०७ | ० | ७,०७ |
| **२२७०० विविध खर्च** | **१,५५,६५** | **०** | **३,५२** | **१,५९,१७** | **३९** | **१,५९,५६** |
| २२७११ विविध खर्च | १,५५,६५ | ० | ३,५२ | १,५९,१७ | ३९ | १,५९,५६ |
| **२४१०० वैदेशिक ऋणको व्याज** | **१२,१५,५८** | **०** | **०** | **१२,१५,५८** | **०** | **१२,१५,५८** |
| २४१११ वैदेशिक ऋणको व्याज | १२,१५,५८ | ० | ० | १२,१५,५८ | ० | १२,१५,५८ |
| **२४२०० आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैंक कमिसन** | **९३,२३,००** | **०** | **०** | **९३,२३,००** | **०** | **९३,२३,००** |
| २४२११ आन्तरिक ऋणको व्याज | ९३,२३,०० | ० | ० | ९३,२३,०० | ० | ९३,२३,०० |
| **२५१०० सार्वजनिक संस्थानहरूलाई सहायता** | **८१,६४** | **०** | **०** | **८१,६४** | **०** | **८१,६४** |
| २५१११ गैह वित्तीय संस्थानहरूलाई चालु सहायता | ४८,२० | ० | ० | ४८,२० | ० | ४८,२० |
| २५११२ गैह वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | २९,४४ | ० | ० | २९,४४ | ० | २९,४४ |
| २५१२१ वित्तीय संस्थानहरूलारइ चालु सहायता | ४,०० | ० | ० | ४,०० | ० | ४,०० |
| **२५२०० व्यवसायहरूलाई सहायता** | **१०,१६** | **०** | **१,९५** | **१२,११** | **०** | **१२,११** |
| २५२११ गैह वित्तीय व्यवसायहरूलाई चालु सहायता | ६६ | ० | १,९५ | २,६१ | ० | २,६१ |
| २५२१२ गैह वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ९,५० | ० | ० | ९,५० | ० | ९,५० |
| **२५३०० अन्य सहायता** | **२,६३** | **०** | **०** | **२,६३** | **०** | **२,६३** |
| २५३१५ अन्य सहायता | २,६३ | ० | ० | २,६३ | ० | २,६३ |
| **२६२०० अन्तर्राष्ट्रिय संस्थाहरूलाई अनुदान** | **५०,५९** | **०** | **०** | **५०,५९** | **०** | **५०,५९** |
| २६२११ अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | ५०,५९ | ० | ० | ५०,५९ | ० | ५०,५९ |

| खर्च शीर्षक | नगद | | | | वस्तुगत तथा सोझै भुक्तानी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | राजस्व | आन्तरिक ऋण | वैदेशिक सहयोग नगद | नगद जम्मा | | |
| **२६३०० अन्य तहका सरकारहरूलाई अनुदान** | **३,१८,५४,५४** | **४७,७४,८४** | **३३,२९,३४** | **३,९९,५८,७२** | **४९,९८** | **४,००,०८,७०** |
| २६३३१ समानिकरण अनुदान | १,४६,०२,०४ | ० | ० | १,४६,०२,०४ | ० | १,४६,०२,०४ |
| २६३३२ सशर्त अनुदान (चालु ) | १,६६,६५,३५ | ० | २१,४२,३४ | १,८८,०७,६९ | २३,४८ | १,८८,३१,१७ |
| २६३३३ विशेष अनुदान (चालु ) | २,३३,८९ | ० | ० | २,३३,८९ | ० | २,३३,८९ |
| २६३३४ समपुरक अनुदान | ० | १३,२६,७३ | ० | १३,२६,७३ | ० | १३,२६,७३ |
| २६३३६ सशर्त अनुदान ( पुँजीगत) | ३,५३,२६ | २३,६३,५२ | ११,८७,०० | ३९,०३,७८ | २६,५० | ३९,३०,२८ |
| २६३३७ विशेष अनुदान (पुँजीगत ) | ० | १०,८४,५९ | ० | १०,८४,५९ | ० | १०,८४,५९ |
| **२६४०० सामाजिक सेवा अनुदान** | **४३,७६,८५** | **६०,६६,४१** | **११,४०,९८** | **१,१५,८४,२४** | **१,९५,१३** | **१,१७,७९,३७** |
| २६४११ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ३६,०१ | ० | ० | ३६,०१ | ० | ३६,०१ |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | २६,३४,८६ | ५१,८२,३४ | ४,३१,८२ | ८२,४९,०२ | ५५,६३ | ८३,०४,६५ |
| २६४१३ अन्य संस्थालाई अनुदान‘ सशर्त | २,७५,०० | २,३३,८८ | ५,६२,७५ | १०,७१,६३ | ४१,३५ | ११,१२,९८ |
| २६४२२ सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत सशर्त अनुदान | १३,२१,६६ | ६,१३,९७ | ९२,८४ | २०,२८,४७ | ९८,१५ | २१,२६,६२ |
| २६४२३ अन्य संस्थालाई सशर्त पुँजीगत अनुदान | १,०९,३२ | ३६,२२ | ५३,५७ | १,९९,११ | ० | १,९९,११ |
| **२७१०० सामाजिक सुरक्षा** | **१,४२,९८,८९** | **०** | **०** | **१,४२,९८,८९** | **०** | **१,४२,९८,८९** |
| २७१११ सामाजिक सुरक्षा | १,१८,९४,०४ | ० | ० | १,१८,९४,०४ | ० | १,१८,९४,०४ |
| २७११२ अन्य सामाजिक सुरक्षा | २४,०४,८५ | ० | ० | २४,०४,८५ | ० | २४,०४,८५ |
| **२७२०० सामाजिक सहायता** | **३,९९,६२** | **०** | **१,००,२३** | **४,९९,८५** | **२,२३,४८** | **७,२३,३३** |
| २७२११ छात्रवृत्ति | ७५,३६ | ० | २२,८८ | ९८,२४ | ० | ९८,२४ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १७,२६ | ० | ० | १७,२६ | ० | १७,२६ |
| २७२१३ औषधी खरिद खर्च | ३,०७,०० | ० | ७७,३५ | ३,८४,३५ | २,२३,४८ | ६,०७,८३ |
| **२७३०० कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च** | **१,०८,५६,५७** | **०** | **४०** | **१,०८,५६,९७** | **०** | **१,०८,५६,९७** |
| २७३११ निवृत्ति भरण तथा अशक्त वृत्ति | ८३,०९,७० | ० | ० | ८३,०९,७० | ० | ८३,०९,७० |
| २७३१२ उपदान | २,४९,४४ | ० | ४० | २,४९,८४ | ० | २,४९,८४ |
| २७३१३ सेवा निवृत्तको संचित विदा | १४,१०,१५ | ० | ० | १४,१०,१५ | ० | १४,१०,१५ |
| २७३१४ सेवा निवृत्तको औषधी उपचार | ७,८७,१८ | ० | ० | ७,८७,१८ | ० | ७,८७,१८ |
| २७३१५ मृत कर्मचारीको सुविधा तथा सहायता | १,००,१० | ० | ० | १,००,१० | ० | १,००,१० |
| **२८१०० सम्पत्ति सम्वन्धी खर्च** | **२,३६,४५** | **०** | **५,४४** | **२,४१,८९** | **५,८८** | **२,४७,७७** |
| २८१४१ जग्गाको भाडा | १,४० | ० | ० | १,४० | ० | १,४० |
| २८१४२ घर भाडा | २,१५,६६ | ० | ४,४१ | २,२०,०७ | ४,४५ | २,२४,५२ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ९,६६ | ० | ८१ | १०,४७ | १,४३ | ११,९० |
| २८१४९ अन्य भाडा | ९,७३ | ० | २२ | ९,९५ | ० | ९,९५ |
| **२८२०० फिर्ता खर्च** | **१,२९,१७** | **०** | **०** | **१,२९,१७** | **०** | **१,२९,१७** |
| २८२११ राजस्व फिर्ता | ५३,१५ | ० | ० | ५३,१५ | ० | ५३,१५ |
| २८२१२ न्यायिक फिर्ता | २६,०२ | ० | ० | २६,०२ | ० | २६,०२ |
| २८२१९ अन्य फिर्ता | ५०,०० | ० | ० | ५०,०० | ० | ५०,०० |
| **२८९०० भैपरी आउने चालु खर्च** | **२४,३७,२४** | **०** | **१,००,००** | **२५,३७,२४** | **१,३०** | **२५,३८,५४** |
| २८९११ भैपरी आउने चालु खर्च | २४,३७,२४ | ० | १,००,०० | २५,३७,२४ | १,३० | २५,३८,५४ |
| **पुँजीगत** | **४७,७९,२२** | **१,१६,१४,७०** | **१,०३,७३,०८** | **२,६७,६७,००** | **३४,४०,४४** | **३,०२,०७,४४** |
| **३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च** | **३३,७३,९०** | **१,११,०३,२१** | **१,०२,५६,९०** | **२,४७,३४,०१** | **३४,३८,८४** | **२,८१,७२,८५** |
| ३११११ आवासिय भवन निर्माण/खरिद | ३०,०० | १५,६९ | ० | ४५,६९ | ० | ४५,६९ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ९,१८,४१ | १४,७३,५५ | १३,५१,४९ | ३७,४३,४५ | १,०१,७२ | ३८,४५,१७ |

| खर्च शीर्षक | नगद | | | | वस्तुगत तथा सोझै भुक्तानी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | राजस्व | आन्तरिक ऋण | वैदेशिक सहयोग नगद | नगद जम्मा | | |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,०५ | १२,२० | १,३५ | १४,६० | ० | १४,६० |
| ३१११४ जग्गा विकास कार्य | ० | ४,९६ | ० | ४,९६ | ० | ४,९६ |
| ३११२१ सवारी साधन | ५,०० | ३,८५ | ७,२९ | १६,१४ | १,८० | १७,९४ |
| ३११२२ मेशिनरी तथा औजार | १,३६,३८ | ५,९१,२४ | ५,५९,३२ | १२,८६,९४ | ३६,७३ | १३,२३,६७ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,७६ | ८३,६२ | १७,५१ | १,११,८९ | ४२ | १,१२,३१ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ० | ४,२६ | १,१४ | ५,४० | ० | ५,४० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धि खर्च | ० | ५,९६ | ५,७७ | ११,७३ | १,५८ | १३,३१ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १२,७९ | ८०,६७ | १२,१७ | १,०५,६३ | १,४५ | १,०७,०८ |
